नेपालको संविधान २०७२ (प्रारम्भिक मस्यौदा)मा
भएको दलित समुदाको अधिकार सम्बन्धी व्यवस्थामा
राष्ट्रिय दलित आयोगको

# संशोधन प्रस्ताव

<u>पेश गरिएको :</u>

**संविधानसभा**
**संविधान सभाका सभाध्यक्षको सचिवलय**
सिंहदरवार, काठमाडौं
नेपाल

<u>पेश गर्ने :</u>

नेपाल सरकार
**राष्ट्रिय दलित आयोग**
जावलाखेल, ललितपुर
नेपालं
२०७२ श्रावण ६

## प्रारम्भिक मस्यौदाका विभिन्न भाग, धारा, उपधारा र खण्डहरूमा संशोधन गरि सम्बोधन गरिनुपर्ने दलित समुदायका आधारभूत मागहरुरू

(१) संघ, प्रदेश र स्थानीय तहको राज्यका व्यवस्थापिकामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वका सुनिश्चित गरी त्यसउपर क्षेतिपूर्ति स्वरुप क्रमशः तीन, पाँच र दश प्रतिशत थप प्रतिनिधित्वको व्यवस्था । (यो व्यवस्था पहिलो संविधानसभाको पूर्ण बैठकले सर्वसम्मतिबाट व्यवस्था गरेको, दोस्रो संविधानसभाले सर्वसम्मतिले स्वामित्व ग्रहण गरेको र संविधान मस्यौदा अध्ययन तथा निर्क्योल समितिले सर्वसम्मतिले पारित गरी संविधान मस्यौदा समितिमा पठाएका विषय हो । स्थानीय निकायमा दश प्रतिशत व्यवस्था उच्चस्तरीय राज्य पुनर्संरचना आयोगले प्रस्ताव गरेको थियो) ।

(२) संघ, प्रदेश र स्थानीय निकायका निजामती, सुरक्षा निकाय, अर्ध सरकारी निकाय, र राज्यका सम्पूर्ण अंग, तह, संरचना, क्षेत्र र निकायमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी क्षतिपूर्ति स्वरुप थप प्रतिनिधित्वको व्यवस्था ।

(३) सम्पूर्ण संवैधानिक अंगहरुमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको व्यवस्था ।

(४) संघ, प्रदेश र स्थानीय कार्यपालिकामा दलित समुदायको समानुपातिक तथा अनिवार्य प्रतिनिधित्वको व्यवस्था ।

(५) मिश्रित निर्वाचन प्रणालीमा बहुमतीय (पहिलो हुने निर्वाचित हुने) तर्फको निर्वाचनमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने गरी समानुपातिक रुपमा निर्वाचन क्षेत्र आरक्षणको व्यवस्था ।

(६) मस्यौदाको मौलिक हक भागमा रहेको दलितको हकको धारा र उपधाराहरुमा रहेका कानुन बमोजिम भन्ने वाक्यांशलाई हटाई संवैधानिक अधिकारको सुनिश्चितताको व्यवस्था ।

(७) राष्टिय सभामा प्रत्येक प्रदेशबाट कम्तिमा एक एक जना र राष्टपतिद्धारा मनोनित हुनेबाट एकजना दलितको अनिवार्य प्रतिनिधित्वको व्यवस्था ।

(८) पेरिस सिद्धान्त अनुसार समावेशी तथा आर्थिक, प्रशासनिक र कामकारवाहीमा स्वतन्त्र तथा स्वायत्त र अभियोजनात्मक अधिकार सहितको राष्टिय दलित आयोगको व्यवस्था ।

(९) दलित समुदायले प्राप्त गर्ने हकमा र महिलाले प्राप्त गर्ने हकमा दलित महिलाको समानुपातिक हिस्सेदारीको हकको व्यवस्था ।

# धारावाहिक संशोधनका लागि पेश गरिएको संशोधन प्रस्ताव

| क्र.स | धारा/उपधारा/ खण्ड | प्रारम्भिक मस्यौदामा भएका विषयहरु | संशोधन/थप/घट गर्नुपर्ने विषयहरु | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तावना/चौथो अनुच्छेद | सामन्ती, निरंकुश, केन्द्रीकृत, एकात्मक र राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै; | यसमा रहेको "अन्त्य" पदावलीपछि "सदियौदेखि दलित लगायतका उत्पीडित तथा सीमान्तकृत समुदायमाथि हुँदै आएको जातीय भेदभभा तथा छुवाछुत, बहिष्करण तथा बञ्चितीकरणप्रति पश्चाताप गर्दै" भन्ने वाक्यांश थप गर्ने । | दलित समुदायलाई विगतमा राज्यद्धारा कानुन बनाएरै विभेद तथा बञ्चितीकरण गरेकाले पश्चाताम गर्नुपर्ने । |
| २. | प्रस्तावना/पाँचौ अनुच्छेद | ...जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै; | यसमा रहेको "सबै प्रकारका जातीय" पदावलीपछि "भेदभाव" शब्द थप गर्ने । | छुवाछूत जातीय भेदभावको एउटा रुप भएकाले पहिला जातीय भेदभा उल्लेख गर्नु उचित हुने । "जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन, २०६८" जारी भइसकेकाले यो पदावलीको प्रयोग भइसकेको । |
| ३. | धरा ३. राष्ट्र | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो । | यस धारामा रहेको "अखण्डता" पदावलीपछि "अविभेद तथा समानता" पदावली थप गर्ने । | राष्ट्र अविभेद तथा समानतामा आधारित हुनुपर्ने भएकाले । |
| ४. | धारा ४(१) नेपाल राज्य | (१) नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, लोकतन्त्रात्मक समाजवाद उन्मुख, गणतन्त्रत्मक, बहुजातीय राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिनेछ । | उस उपधारामा रहेको "धर्मनिरपेक्ष" पदावलीपछि "समानुपातिक समावेशी, जातीय भेदभाव तथा छुवाछूत रहित" पदावलीहरु थप गर्ने । | मस्यौदाको प्रस्तावनामा समेत यी पदावलीहरु आएकाले राज्यको परिभाषामा समेत समावेश गर्न उचित र आवश्यक हुने । |
| ५. | धारा ५(१). राष्ट्रिय हित | (१) सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनता, स्वतन्त्रता, एकता, नेपालीको हक एवं स्वाभिमानको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुनेछन् । | यस उपधारमा रहेको "स्वतन्त्रता" पदावलीपछि "नागरिकहरुका बीचमा समानता तथा मानव मर्यादा" वाक्यांश थप गर्ने । | सबै नागरिकहरुका बीचमा समानता र मानव मर्यादाको व्यवहार नहुँदा द्वोन्द हुने र राष्टिय हितका खिलाफ हुने भएकाले राष्टिय हितका लागि यी कुराहरु आवश्यक छन् । |
| ६. | धारा ९. राष्ट्रिय गान इत्यादि | (३) नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पक्षी डाँफे हुनेछ । | यस उपधारामा रहेको "राष्टिय जनावर गाई" भन्ने वाक्यांश हटाउने । | नेपाल धर्मनिरपेक्ष राष्ट भइसकेको र गाई कुनै एक धार्मिक सम्प्रदायको प्रतीक रहेकाले यो धर्मनिरपेक्षताको सिद्धान्त विपरीत हुनेहुँदा हटाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | उचित हुने । |
| ७. | धारा १५. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता : | प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ । | यस धारामा रहेको व्यवस्थामा “वंशको” पदावलीपछि “र गोत्र तथा थरको” वाक्यांश थप गर्ने । | नागरिकता प्रदान गर्दा जात उल्लेख गर्न बाध्य पार्ने भएकाले यो पदावली थप्न उचित हुने । |
| ८. | २३.मानताको हक : | (२) सामान्य कानुनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | यस उपधारामा रहेको व्यवस्थामा “प्रयोगमा” पदावलीपछि “जन्म, वंश, पेशा” पदावलीहरु थप गर्ने । साथै “भेदभाव” पदावलीपछि “बहिष्कार, प्रतिबन्ध वा प्राथमिकताको व्यवहार” वाक्यांश थप गर्ने | सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्टिय महासन्धि १९६५ को धारा १ मा यो व्यवस्था भएको र नेपाल यसको पक्षराष्ट भएकाले यो थप्नु उचित हुने । |
| ९. | २३.मानताको हक : | (३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । | यस उपधारामा रहेको व्यवस्थामा “प्रयोगमा” पदावलीपछि “जन्म, वंश, पेशा” पदावलीहरु थप गर्ने । साथै “भेदभाव” पदावलीपछि “बहिष्कार, अस्वीकार, प्रतिबन्ध, निषेध, निष्कासन, नाकाबन्दी वा प्राथमिकताको व्यवहार वा” वाक्यांश थप गर्ने | सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्टिय महासन्धि १९६५ को धारा १ मा यो व्यवस्था भएको र नेपाल यसको पक्षराष्ट भएकाले यो थप्नु उचित हुने । |
| १०. | २३.मानताको हक : | (३) राज्यले....गर्ने छैन ।<br><br>तर आर्थिक रुपले विपन्न, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । | यस उपधाराको प्रतिबन्धात्मक खण्डमा रहेको “खस आर्य” र “कानुन बमोजिम” भन्ने पदावलीहरु हटाउने र “वा विकासका लागि” भन्ने पदावलीपछि “सकारात्मक उपायको सिद्धान्तका आधारमा” वाक्यांश थप गर्ने । | सकरात्मक उपायको सिद्धान्तको आधारभूत मान्य समाजका सबैभन्दा पिछडिएको समूहलाई पहिलो प्राथमिकता दिने भएको र खस आर्य नेपालको सबैभन्दा अगाडि रहेको जात समुदाय भएकाले यो समूहलाई यहाँ राख्नु सिद्धान्त विपरीत हुने हुन्छ । त्यसैगरी मौलिक हक राज्यविरुद्धको संवैधानिक हक भएकाले कानुन बमोजिम भनी कानुनी हकमा सीमित गरिनु नहुने । साथै यो उपधारा अन्तर्गतको व्यवस्था सकारात्मक उपायको सिद्धान्त बमोजिम राख्न उचित तथा अनिवार्य हुने । |

| | | | | |
|---|---|---|---|---|
| ११. | २४.आम सञ्चारको हक : | (१) विद्युतीय प्रकाशन, ...लगाइने छैन ।<br><br>तर नेपालको राष्ट्रियता,...अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन । | यस उपधाराको प्रतिवन्धात्मक खण्डमा रहेको "जातीय" पदावलीपछि "भेदभाव तथा" भन्ने पदावलीहरु थप्ने । | छुवाछूत जातीय भेदभावको एउटा रुप भएकाले पहिला जातीय भेदभा उल्लेख गर्नु उचित हुने । "जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन, २०६८" जारी भइसकेकाले यो पदावलीको प्रयोग गर्न उचित हुने । |
| १२. | २९.छुवाछूत तथा भेदभाव विरुद्धको हक : | (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन । | यस उपधारामा रहेको "समुदाय" भन्ने पदावलीपछि "जन्म, वंश," पदावलीहरु थप गर्ने । साथै "कुनै प्रकारको" पदावलीहरुपछि "बहिष्कार, अस्वीकार, प्रतिबन्ध, निषेध, निष्कासन, नाकाबन्दी वा प्राथमिकताको व्यवहार वा" वाक्यांश थप गर्ने । | सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्टिय महासन्धि १९६५ को धारा १ मा यो व्यवस्था भएको र नेपाल यसको पक्षराष्ट भएकाले यो थप्नु उचित हुने । |
| १३. | २९.छुवाछूत तथा भेदभाव विरुद्धको हक : | (३) कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका आधारमा व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन । | यस उपधारामा रहेको "कुनै" भन्ने पदावलीपछि "जन्म, वंश, पेशा" पदावलीहरु थप गर्ने । साथै यस उपधारामा रहेको "दर्शाउने" भन्ने पदावलीपछि "जन्म, वंश, पेशा" पदावलीहरु थप गर्ने । | सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्टिय महासन्धि १९६५ को धारा १ मा यो व्यवस्था भएको र नेपाल यसको पक्षराष्ट भएकाले यो थप्नु उचित हुने । |
| १४. | २९.छुवाछूत तथा भेदभाव विरुद्धको हक : | (४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन । | यस उपधारामा रहेको "जातीय आधारमा" भन्ने पदावली अगाडि "जन्म, वंश, पेशा, जात, समुदाय तथा" पदावलीहरु थप गर्ने । | सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्टिय महासन्धि १९६५ को धारा १ मा यो व्यवस्था भएको र नेपाल यसको पक्षराष्ट भएकाले यो थप्नु उचित हुने । |
| १५. | २९.छुवाछूत तथा भेदभाव विरुद्धको हक : | (५) यस धारा प्रतिकूल हुने गरी सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधको रुपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | यस उपधाराको प्रतिबन्धात्मक खण्डमा रहेको "कानुन बमोजिम" भन्ने पदावलीहरु हटाउने । | त्यसैगरी मौलिक हक राज्यविरुद्धको संवैधानिक हक भएकाले कानुन बमोजिम भनी कानुनी हकमा सीमित गरिनु नहुने । |
| १६. | ३१.धार्मिक स्वतन्त्रताको हक : | (३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको | यस उपधारामा रहेको "वा कसैको" भन्ने पदावली अगाडि "जवरजस्ती" पदावलीहरु थप गर्ने । | धर्म निरपेक्ष राष्टमा आफूखुशी धर्म परिवर्तन गर्न पाइने भएकाले जवरजस्ती धर्म परिवर्तन गराउन नपाइने विषय राख्ने कुरा सैद्धान्तिक र |

| | | | | |
|---|---|---|---|---|
| | | धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । | यस धारामा उपधारा (४) र (५) थपि देहायको व्यवस्था गर्ने :<br><br>**थप गर्ने :**<br><br>(४) धर्म, धार्मिक प्रथा र परम्पराको नाममा हुने कुनै पनि प्रकारको हिंसा, भेदभाव, छुवाछुत, घृणा, अपहेलना र शोषण दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ ।<br><br>(५) धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रताको कानुन बनाई कार्यान्वयन गरिने छ । | व्यवहारिक हुने ।<br><br>नेपालमा धर्म, प्रथा र परम्पराका नाउँमा विविधखाले विभेद, हिंसा र शोषण हुँदै आएकाले यसलाई रोक्नका लागि यो व्यवस्था थप गरिएको छ । राज्य धर्म निरपेक्ष भइसकेको अवस्थामा त्यसको कार्यान्वयनका लागि कानुनको आवश्यकता पर्ने भएकाले यो व्यवस्था थप्न उचित हुने । |
| १७. | ३३.गोपनीयताको हक : | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । | यस धारामा प्रतिबन्धात्मक खण्डको रुपमा "तर गोपनीयताको नाउँमा जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यलाई दुरुत्साहन गर्न पाइने छैन" भन्ने व्यवस्था थप गर्ने । | नेपालका हिन्दूवर्णवादीहरूबाट जातीय भेदभाव तथा छुवाछूतलाई गोपनीयताको नाउँमा निरन्तरता दिन सक्ने भएकाले यो व्यवस्थाको आवश्यकता छ । |
| १८. | ३४.शोषण विरुद्धको हक : | (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । | यस उपधारामा रहेको "कसैलाई" भन्ने पदावलीको अगाडि "जात, जाति, जन्म, वंश र समुदायको आधारमा" पदावलीहरु थप गर्ने तथा "लगाउन" पदावलीको पछाडि "वा नलगाउन वा कामबाट निकाल्न" भन्ने पदावलीहरु थप गर्ने । | कसैलाई काममा लगाने वा नलगाउने अवस्था र त्यसका आधारहरु स्पष्ट रुपमा उल्लेख गर्न आवश्यक हुने भएकाले । |
| १९. | ३७. भाषा तथा संस्कृतिको हक : | (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गर्ने हक हुनेछ । | यस उपधाराको प्रतिबन्धात्मक खण्डको व्यवस्था गरी "तर संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथा वा मान्यताको प्रयोगमा रोक लगाउने गरी कानुनद्वारा विशेष व्यवस्था गर्न वाधा पुऱ्याएको मानिने छैन" भन्ने व्यवस्था थप गर्ने । | सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रारम्भिक प्रतिवेदन २०६६ को धारा ३(१) मा प्रस्ताव गरिएको दोस्रो संविधानसभाले ग्रहण गरेको हुनाले । |
| २०. | ४१.खाद्य सम्बन्धी हक : | (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | यस उपधारामा रहेको "बमोजिम" भन्ने पदावलीको पछाडि "गुणस्तरीय" पदावली थप गर्ने । | विगतमा जाजरकोट जिल्लाका र गोरखा जिल्लाका नागरिकहरु गुणस्तरहिन खाद्यसामाग्रीबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | आक्रान्त भएकाले यो पदवाली राख्न उचित हुने । |
| २१. | ४३.महिलाको हक : | (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | यस उपधारामा रहेको “प्रचलन” भन्ने पदावलीको पछाडि “वा जात, जाति, समुदाय” पदावली थप गर्ने । | नेपालमा जात, जाति वा समुदायका आधारमा समेत महिलाउपर शोषण तथा विभेद हुने भएकाले यो व्यवस्था गर्न उचित हुने । |
| २२. | ४३. महिलाको हक : | (४) राज्य संयन्त्रका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हक हुनेछ । | यस उपधारामा रहेको “निकायमा” भन्ने पदावलीको पछाडि “सबै जात, जाति, समुदाय र धर्मका” वाक्यांश थप गर्ने । | महिलाभित्रको समानुपातिक समावेशीकरणका लागि यो व्यवस्था थप गर्न आवश्यक हुने । |
| २३. | **४५. दलितको हक** | **(१) दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरुमा समावेशी सिद्दान्तका आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।** | **यस उपधाराको प्रथम वाक्यमा रहेको “राज्यका सबै” भन्ने पदावलीको पछाडि “तह, अंग, क्षेत्र, संरचना र” पदावलीहरु थप गर्ने । साथै “समावेशी” पदावलीको सट्टामा “समानुपातिक र क्षेतिपूर्तिको” पदावलीहरु थप गर्ने र “रोजगारी” पदावली अगाडि “प्रतिनिधित्व र” पदावलीहरु थप गर्ने । साथै दोस्रो वाक्यमा भएको व्यवस्थामा “सार्वजनिक सेवा” पदावली पगाडि “राज्यको अनुदान वा लगानी रहेका संस्थान, निगम, प्राधिकरण, वित्तीय संस्थाका साथै गैर सरकारी तथा निजी क्षेत्र” वाक्यांश थप गर्ने । यसैमा रहेको “लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ” भन्ने पदावलीको हटाई त्यसको सट्टामा “हक हुनेछ” भन्ने पदावलीहरु थप गर्ने ।** | **दलित समुदायमाथि विगतमा भएको ऐतिहासिक उत्पीडनको क्षतिपूर्ति बापत अवसरहरूको थप हिस्सा सहित सहभागिताको हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको हो । साथै समानुपातिक र क्षतिपूर्तिको सिद्धान्त संविधानमै किटानी उल्लेख गर्नु उचित हुने ।**<br><br>**संवैधानिक हक भएकाले कानुन बमोजिम विशेष व्यवस्था गरिने भनी कानुनी हकमा सीमित गरिन नहुने हुँदा सो वाक्यांश हटाई संवैधानिक हकको प्रत्याभूति हुने वाक्यांश थप्न उचित हुने ।** |
| २४. | **४५. दलितको हकः** | **(२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानून बमोजम छात्रवृति सहित निःशुल्क शिक्षाको हक हुनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुनद्धारा विशेष व्यवस्था गरिने छ ।** | **यस उपधाराको दोस्रो वाक्यमा रहेको “दलितको लागि कानुनद्धारा विशेष व्यवस्था गरिने छ” भन्ने वाक्यांशको सट्टा “समानुपातिक सहभागीको हक हुनेछ” भन्ने वाक्यांश थप गर्ने ।** | **मौलिक हक राज्यविरुद्धको संवैधानिक हक भएकाले कानुनद्धारा विशेष व्यवस्था गरिने भनी कानुनी हकमा सीमित गरिन नहुने हुँदा सो वाक्यांश हटाई संवैधानिक हकको प्रत्याभूति हुने वाक्यांश थप्न उचित हुने ।** |

| | | | | |
|---|---|---|---|---|
| २५. | ४५. दलितको हक: | (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनद्धारा विशेष व्यवस्था गरिने छ। | यस उपधाराको रहेको "प्रदान गर्न कानुनद्धारा विशेष व्यवस्था गरिने छ" भन्ने वाक्यांशको सट्टा "को हक हुनेछ" भन्ने वाक्यांश थप गर्ने। | संवैधानिक हक भएकाले कानुनद्धारा विशेष व्यवस्था गरिने भनी कानुनी हकमा सीमित गरिन नहुने हुँदा सो वाक्यांश हटाई संवैधानिक हकको प्रत्याभूति हुने वाक्यांश थप्न उचित हुने। |
| २६. | ४५. दलितको हक: | (४) दलित समुदायलाई आफनो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई सोका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ। | यस उपधाराको पहिलो वाक्यमा रहेको "विकास गर्ने" भन्ने पदावलीपछि "अग्राधिकारको" पदावली थप गर्ने र दोस्रो वाक्यमा रहेको "प्राथमिकता दिई" पदावली पछाडि "अन्य समुदायले सो पेसा गरेमा दलित समुदायको सम्बन्धित जात तथा समूहलाई उचित रोयल्टी प्रदान गर्ने व्यवस्था गरी" भन्ने वाक्यांश थप गर्ने। | दलित समुदायको परम्परागत मौलिक जातीय पेसाको संरक्षण, संवर्द्धन र आधुनिकीकरणका लागि सो पेसामा उनीहरूको अग्राधिकार र रोयल्टीको व्यवस्था गर्न वाञ्छनीय भएकाले यो वाक्यांश थप्न उचित हुने। |
| २७. | ४५. दलितको हक: | (५) राज्यले भूमिहीन दलितलाई कानुन बनाई एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ। | यस उपधाराको रहेको "कानुन बनाई" पदावलीहरु हटाउने। | संवैधानिक हक भएकाले कानुन बनाई भनी कानुनी हकमा सीमित गरिन नहुने हुँदा सो वाक्यांश हटाई संवैधानिक हकको प्रत्याभूति हुने वाक्यांश थप्न उचित हुने। |
| २८. | ४५. दलितको हक: | (६) राज्यले आवासबिहीन दलितको लागि कानून बनाइ बसोबासको व्यवस्था गर्नेछ। | यस उपधाराको रहेको "कानुन बनाई" पदावलीहरु हटाउने। | संवैधानिक हक भएकाले कानुन बनाई भनी कानुनी हकमा सीमित गरिन नहुने हुँदा सो वाक्यांश हटाई संवैधानिक हकको प्रत्याभूति हुने वाक्यांश थप्न उचित हुने। |
| २९. | ४५. दलितको हक: | (७) दलित समुदायको लागि यस धाराद्धारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै क्षेत्रमा बसोबास गर्ने दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ। | यस उपधाराको पहिलो वाक्यमा रहेको "पुरुष र" भन्ने पदावलीपछि "मधेशी लगायत" पदावलीहरु थप गर्ने र "गरी न्यायोचित वितरण गर्नुपर्नेछ" भन्ने वाक्यांशको सट्टा "हक हुनेछ" भन्ने पदावलीहरु थप गर्ने।<br><br>यस ४५ मा उपधारा (८) थप गरी देहायको व्यवस्थ गर्ने : | दलित समुदायभित्रको समावेशीकरणको लागि यी व्यवस्था थप गर्न उचित हुने।<br><br>पहिलो संविधानसभाले स्थापित गरी पारित गरेको, दोस्रो संविधानसभाले |

| | | | | |
|---|---|---|---|---|
| | | | **(८) राज्यको संघीय, प्रादेशिक र स्थानिय तहका प्रत्येक अंग, संरचना, क्षेत्र र जनप्रतिनिधिमूलक निकायमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वका अतिरिक्त क्षतिपूर्ति स्वरुप क्रमशः तीन, पाँच र दश प्रतिशत थप सहभागिताको हक हुनेछ ।** | **ग्रहण गरेको र संविधान सस्यौदा अध्ययन तथा निर्क्योल समितिले सर्वसम्मतले पारित गरी मस्यौदामा पठाइएको हुनाले यो व्यवस्थालाई राख्न उचित हुने ।** |
| ३०. | ४७. सामाजिक न्यायको हक : | (१) सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, अल्पसंख्यक, सीमान्तीकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, मजदूर, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्दान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । | यस उपधारामा रहेको “खस आर्य” पदावली हटाउने र “समावेशी” पदावलीको अगाडि “समानुपातिक” भन्ने पदावली थप गर्ने । | नेपालमा खस आर्य समूह सामाजिक रुपमा पछाडि नपरेकोले यसलाई हटाउन उचित हुने । अन्तरिम संविधान २०६३ को धारा २१ ले यसको व्यवस्था गरेको र यसै संविधानको प्रस्तावनामा समानुपातिक समावेशीको प्रावधान रहेकाले यी पदावलीहरु हटाउन र थप्न उचित हुने । |
| ३१. | ५२. नागरिकका कर्तव्य : | | यस धारामा देहाय खण्ड (घ) थप गरी देहायको व्यवस्था गर्ने :<br><br>(घ) नेपाली परम्परागत ज्ञान, सीप, कला, व्यवसाय लगायत मानव उपयोगी सबै किसिमका श्रमको सम्मान गरी प्रोत्साहन र प्रवर्द्धनमा सहयोग पुऱ्याउनु तथा भेदभावरहित समतामूलक समाज निर्माण गर्न समाज र राज्यलाई सहयोग गर्नु । | नेपालको परम्परागत आनुवंशिक सीप, कला र व्यवसाय आधारित श्रमको अवमूल्यन गर्ने र श्रमिक वा कालिगढलाई सो पेसा गरेकै आधारमा भेदभाव र अपहेलना गर्नाले राष्ट्रिय आय र अर्थतन्त्रमै नकारात्मक प्रभाव पारिरहेको यथार्थलाई आत्मसात गर्दै भावी नेपालमा यसको अन्त्य गरी समृद्ध नेपाल निर्माणका लागि आवश्यक भएकाले र नेपाललाई जातीय भेदभाव र छुवाछूतबाट मुक्त राष्ट्र बनाउन राज्य वा सरकारको मात्रै प्रयासले सफल नहुने तथा यस्तो कार्य जनस्तरबाट स्वतस्फूर्त गर्ने गरिएमा सहज र छिट्टै सफल पनि हुने हुँदा यो व्यवस्था थप्न उचित हुने । |
| ३२. | ५५. राज्यका नीतिहरू : | (ग) सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति :<br>(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा | धारा ५५(ग)(५)मा रहेको “सबै प्रकारका विभेद” पदावली पछाडि “छुवाछूत” भन्ने पदावली थप गर्ने । | जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने राज्यको नीति हुनुपर्ने भएकाले यो पदावली थप्न उचित हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने, | | |
| ३३. | ५५. राज्यका नीतिहरू : | घ) अर्थ र वाणिज्य सम्बन्धी नीति : | यस खण्डमा देहाय नं. १३ थप गरी देहायको व्यवस्था गर्ने :<br><br>(१३) "समाजमा आर्थिक तथा सामाजिक रुपले अति पछाडि परेका दलित लगायतका समुदायका व्यक्तिहरुलाई राज्यको अनुदान वा लगानी रहेको संस्थान, निगम, प्राधिकारण, तथा वित्तीय संस्थाहरुबाट शेयर प्रदान गर्ने नीति लिने ।" | दलित लगाएतका अति पीछडिएका समुदायको आर्थिक उत्थानका लागि यो नीति लिन आवश्यक भएकाले थप गर्न उचित हुने । |
| ३४. | ५५. राज्यका नीतिहरू : | (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति : (१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, | धारा ५५(छ)(१)मा रहेको "उपयोग गर्ने र" पदावलीहरु पछाडि "आदिवासी र दलित समुदाय लगायत" भन्ने पदावलीहरु थप गर्ने । | नेपालका अधिकांश दलित समुदाय प्राकृतिक साधन र स्रोतबाट इन्धन तथा कच्चा पदार्थ संकलन गरी प्राचीन कला र संस्कृतिको जर्गेना र स्थानीय समस्याको समेत समाधान दिइरहेका र प्राकृतिक स्रोतमा नै निर्भर रहेकाले उनीहरूको अधिकार स्थापना गर्न यो व्यवस्था थप्न उचित हुने । |
| ३५. | ५५. राज्यका नीतिहरू : | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति : | यस खण्डमा देहाय नं. १५ थप गरी देहायको व्यवस्था गर्ने :<br><br>(१५) "संघ, प्रदेश र स्थानीय तहका राज्यका सम्पूर्ण तक, अंग, संरचना, क्षेत्र र निकायमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागिता गराउने तथा अर्धसरकारी क्षेत्र, गैर सरकारी क्षेत्र र निजी क्षेत्रमा समेत दलित समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागिताको व्यवस्था गर्ने गराउनका लागि सकरात्मक उपायको नीति, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, क्षेतिपूर्तिका सिद्धान्त र फाष्ट त्र्याकको नीति अवलम्बन गर्ने ।" | राज्य तथा गैर राज्य क्षेत्रका सम्पूर्ण तक, अंग, संरचना, क्षेत्र र निकायमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वका लागि सकरात्मक उपायको नीति, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, क्षेतिपूर्तिका सिद्धान्त र फाष्ट त्र्याकको नीति अवलम्बन गर्न उचित हुने । |
| ३६. | ६०. राज्यको संरचना : | (३) ....। प्रदेशको सीमांकन सम्बन्धी सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । | यस उपधाराको दोस्रो वाक्यमा रहेको "सुझाव दिन" पदावलीहरु पछाडि "समावेशी सिद्धान्तका | प्रदेशको सीमा निर्धारण आयोग समावेशी हुनुपर्ने भएकाले यो व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | | आधारमा" भन्ने पदावलीहरु थप गर्ने । | थप्न उचित हुने । |
| ३७. | ६०. राज्यको संरचना : | (६) स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या कानुन बमोजिम हुनेछ । | यस उपधारामा रहेको "जिल्लासभा" भन्ने पदावलीलाई हटाउने । | जिल्लाको भौगोलिक संरचनाको व्यवस्था नगरी परिकल्पना गरिएको जिल्लासभाको आवश्यकता छैन । |
| ३८. | ६०. राज्यको संरचना : | (८) उपधारा (६) र (७) बमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका र विशेष संरचनाको संख्या र क्षेत्र निर्धारण गर्नको लागि नेपाल सरकारले एक आयोग गठन गर्नेछ । | यस उपधाराको प्रथम वाक्यमा रहेको "क्षेत्र निर्धारण गर्नको लागि" वाक्यांशको पछाडि "समावेशी सिद्धान्तका आधारमा" भन्ने पदावलीहरु थप गर्ने । | गाउँपालिका, नगरपालिका र विशेष संरचनाको संख्या र क्षेत्र निर्धारण गर्नको लागि गठन गरिने आयोगलाई समावेशी बनाउन आवश्यक भएकाले यो व्यवस्था थप्न उचित हुने । |
| ३९. | ६०. राज्यको संरचना : | (१०) संघ, प्रदेश र स्थानीय तहले नेपालको सार्वभौमसत्ता, एकता, अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन् । | यस उपधारामा रहेको "समावेशी" भन्ने पदावली अगाडि "समानुपातिक" भन्ने पदावली थप गर्ने । | यसै संविधानको प्रस्तावनामा समानुपातिक समावेशी राज्यको परिकल्पना गरिएकाले यो व्यवस्था थप्न उचित हुने । |
| ४०. | ६६. राष्ट्रपतिको निर्वाचन : | (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार फरक हुने गरी कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । | यस उपधाराको प्रथम वाक्यमा रहेको "प्रदेश सभाका सदस्य" भन्ने पदावली पछाडि "स्थानीय निकायका प्रमुख र उप प्रमुख" भन्ने पदावलीहरु थप गर्ने । | दलित लगायतका उत्पीडित तथा सीमान्तकृत समुदायबाट स्थानीय निकायको प्रमुख र उप प्रमुखसम्ममा केही पुग्न सक्ने भएकाले राष्टपतिको निर्वाचनमा यी समुदायको पनि योगदान र स्वामित्व स्थापित गर्न यो व्यवस्था उचित हुने । |
| ४१. | ७३. उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था : | उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया, पदावधि सम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ । | यस उपधारामा भएका व्यवस्थापछि "राष्टपति र उप राष्टपति फरक फरक दल, लिंग, क्षेत्र, जात, जाति र समुदायको हुनुपर्नेछ" भन्ने व्यवस्था थप गर्ने । | राष्टको प्रमुखपदमा समेत समावेशीकराज्यको आभास दिनका लागि यो व्यवस्था उचित हुने । |
| ४२. | ७९. मन्त्रिपरिषदको गठन : | (९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्दान्त बमोजिम बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्नेछ । | यस उपधारामा रहेको "समावेशी" भन्ने पदावली अगाडि "समानुपातिक" पदावली थप गर्ने र "बमोजिम" भन्ने पदावली पछाडि "महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायबाट" भन्ने वाक्यांश थप गर्ने । | यसै संविधानको प्रस्तावनामा समानुपातिक समावेशी राज्यको परिकल्पना गरिएकाले यो व्यवस्था थप्न उचित हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४३. | ८८. प्रतिनिधिसभाको गठन : | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ । | धारा ८८(२) मा रहेको “प्रतिनिधित्व” भन्ने पदावली अगाडि “समानुपातिक” पदावली थप गर्ने ।<br><br>**यस धारामा उपधारा ९ थप गरीः**<br><br>(९) उपधारा १(क) र (ख) को निर्वाचन प्रणाली अनुसार संघीय प्रतिनिधिसभामा दलित समुदायको १३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिने छ । त्यसका लागि उपधारा १(क) बमोजिमको निर्वाचन प्रणालीमा दलित समुदायका उमेदवारका लागि समानुपातिक रुपमा २१ वटा निर्वाचन क्षेत्र सुरक्षित गरिनेछ । | प्रतिनिधिसभामा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागि यो पदावली र थप व्यवस्था गर्न आवश्यक हुने । |
| ४४. | ८८. प्रतिनिधिसभाको गठन : | (८) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ९० को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्नेछ । | यस उपधारामा रहेको व्यवस्थापछि “त्यसमा दलित महिला, आदिवासी जनजाति महिला, मधेशी महिला, मुश्लिम महिला र खस आर्य महिलाको समानुपातिक प्रतिनिधित्व गराउनुपर्नेछ” भन्ने व्यवस्था थप गर्ने । | महिलाले प्राप्त गर्ने हक अधिकारमा सबै समुदायका महिलाहरुको समानुपातिक अधिकार स्थापना गर्नका लागि यो व्यवस्था गर्न आवश्यक पर्ने भएकाले । |
| ४५. | ९०. राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि : | (२) (क) प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख रहेको निर्वाचक मण्डलद्वारा कानुन बमोजिम प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा दुई जना महिला सहित पाँच जनाको दरले निर्वाचित चालीस सदस्य, | धारा ९०(२)(क) मा रहेको “कम्तीमा दुई जना महिला” भन्ने पदावली पछाडि “र एकजना दलित” पदावली थप गर्ने । | राष्टिय सभामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको लागि यो व्यवस्था आवश्यक भएकाले । |
| ४६. | ९५. प्रतिनिधि सभाको सभामुख र उपसभामुख : | (१) प्रतिनिधिसभाले सो सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधिसभाका सदस्यहरु मध्येबाट सभामुख र उपसभामुखको | यस उपधाराको दोस्रो वाक्यमा रहेको “मध्ये एक जना महिला” भन्ने व्यवस्थाको सट्टा “फरक फरक दल, लिंग, जात, जाति र समुदायको” | प्रतिनिधिसभाको सभामुख र उपसभामुखलाई सबै दल, लिंग, जात, जाति र समुदायको समावेशीकरणका |

| | | | | |
|---|---|---|---|---|
| | | निर्वाचन गर्नेछ । सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनु पर्नेछ । | भन्ने व्यवस्था थप गर्ने । | लागि यो व्यवस्थाको अवश्यकता भएको । |
| ४७. | ९६. राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष : | (१) राष्ट्रियसभाले सो सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रियसभाका सदस्यहरु मध्येबाट अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुनु पर्नेछ । | यस उपधाराको दोस्रो वाक्यमा रहेको “मध्ये एक जना महिला” भन्ने व्यवस्थाको सट्टा “फरक फरक दल, लिंग, जात, जाति र समुदायको” भन्ने व्यवस्था थप गर्ने । | राष्टिय सभाको अध्यक्ष र उपाध्यक्षलाई सबै दल, लिंग, जात, जाति र समुदायको समावेशीकरणका लागि यो व्यवस्थाको अवश्यकता भएको । |
| ४८. | ९०. राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि : | (२) (ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तिमा दुई जना महिला सहित पाच जना | धारा ९०(२)(ख) मा रहेको “कम्तीमा दुई जना महिला” भन्ने पदावली पछाडि “र एकजना दलित” पदावली थप गर्ने । | राष्टिय सभामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको लागि यो व्यवस्था आवश्यक भएकाले । |
| ४९. | १०१. समितिको गठन : | (१) प्रतिनिधिसभा र राष्ट्रिय सभाले कानुन बमोजिम समितिहरु गठन गर्न सक्नेछन् । | यस उपधारामा रहेको “प्रतिनिधिसभा” भन्ने पदावली अगाडि “समानुपातिक सिद्धान्तका आधारमा” वाक्यांश थप गर्ने । | प्रतिनिधिसभा र राष्ट्रिय सभाले गठन गर्ने समितिहरुलाई समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक भएकाले । |
| ५०. | १२१. संघीय सञ्चित कोषमाथि व्ययभार : | देहायका विषयसँग सम्बन्धित खर्च सञ्चित कोषमाथि व्ययभार हुनेछन् र त्यस्तो व्ययको लागि संघीय संसदको स्वीकृति आवश्यक पर्ने छैन :- | यस धारामा भएको व्यवस्थामा देहायको खण्ड (त) थप गरी देहाइको व्यवस्था गर्ने :<br><br>(त) दलितसंग अन्तर्जातीय विवाह गर्ने जोडीहरु तथा जातीय विभेदबाट पीडित व्यक्तिलाई दिइने क्षेतिपूर्ति वापत दिइनुपर्ने रकम । | दलितसंग अन्तर्जातीय विवाह गर्ने जोडीहरुलाई दिइने प्रोत्साहन रकममा निरन्तरता गराउन तथा जातीय विभेदबाट पीडित व्यक्तिलाई दिइने क्षेतिपूर्ति वापत राज्यले दिएर पछि पीडकबाट असुल्नका लागि यो व्यवस्था आवश्यक । |
| ५१. | १३०. अदालतहरू : | (१) नेपालमा देहाय बमोजिमका अदालतहरू रहनेछन् :-<br>(ग) जिल्ला अदालत ।<br>(२) उपधारा (१) मा लेखिएदेखि बाहेक कानुन बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका अन्य वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिनेछ । | यस उपधाराको खण्ड (ग) रहेको “जिल्ला अदालत” को स्थानमा “प्रारम्भिक अदालत” पदावलीहरु राख्ने र उपधारा (२) को व्यवस्थाको सट्टा “प्रत्येक गाउँपालिका र नगरपालिकामा प्रारम्भिक अदालत रहने छन्” भन्ने व्यवस्था थप गर्ने । | राज्यको संघीय संरचनामा जिल्लाको भूगोलको व्यवस्था नभएकाले जिल्ला अदालतको अवधारणालाई हटाई न्यायलाई स्थानीय तहसम्म विस्तार गर्न यो व्यवस्था गर्न उचित हुने । |
| ५२. | १३१. विशिष्टीकृत अदालत : | (१) धारा १३० मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाहरुको कारबाही र किनारा गर्न कानुन बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ । | यस उपधाराको रहेको “निकाय वा” पदावलीहरु पछाडि “विशिष्टकृत इजलास” पदावलीहरु थप गर्ने । | वशिष्टीकृत अदालतका साथै इजलासका समेत आवश्यकता पर्ने भएकाले यो व्यवस्था आवश्यक पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५३. | १३३. सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता : | (१) संवैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ । | यस उपधाराको रहेको “न्याय परिषदको सिफारिसमा” भन्ने पदावलीहरु पछाडि “समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायबाट” पदावलीहरु थप गर्ने । | सर्वोच्च अदालतलाई समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक र उचित हुने भएकाले । |
| ५४. | १४४. उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता : | (१) उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशबाट हुनेछ । | यस उपधाराको रहेको “न्याय परिषदको सिफारिसमा” भन्ने पदावलीहरु पछाडि “समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायबाट” पदावलीहरु थप गर्ने । | उच्च अदालतलाई समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक र उचित हुने भएकाले । |
| ५५. | १५३. जिल्ला अदालतको न्यायाधीशको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्त : | (१) जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशबाट हुनेछ । | यस उपधाराको रहेको “न्याय परिषदको सिफारिसमा” भन्ने पदावलीहरु पछाडि “समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायबाट” पदावलीहरु थप गर्ने । | जिल्ला अदालतलाई समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक र उचित हुने भएकाले । |
| ५६. | १६१. प्रदेश प्रमुख सम्बन्धी व्यवस्था : | (२) राष्ट्रपतिले प्रत्येक प्रदेशको लागि एक प्रदेश प्रमुख नियुक्ति गर्नेछ । | यस उपधाराको रहेको “राष्ट्रपतिले” भन्ने पदावली पछाडि “समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायबाट अनिवार्य प्रतिनिधित्व हुनेगरी” वाक्यांश थप गर्ने । | प्रदेश प्रमुखलाई बनाउनका लागि यो व्यवस्था आवश्यक र उचित हुने भएकाले । |
| ५७. | १६६. प्रादेशिक मन्त्रिपरिषदको गठन : | (९) प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्दान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नेछ । | यस उपधाराको रहेको “समावेशी” भन्ने पदावली अगाडि “समानुपातिक” पदावली थप गर्ने र “बमोजिम” भन्ने पदावली पछाडि “सो प्रदेशमा रहेको जनसंख्याको आधार दलित, महिला, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायको समानुपातिक तथा अनिवार्य प्रतिनिधित्व हुनेगरी” भन्ने व्यवस्था थप गर्ने । | प्रदेश मन्त्रिपरिषद प्रादेशिक जनसंख्याको आधारमा समानुपातिक र अनिवार्य समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक भएको । |
| ५८. | १७५. प्रदेश सभाको गठन : | (४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले | धारा ८८(४) मा रहेको “प्रतिनिधित्व” भन्ने पदावली अगाडि “समानुपातिक” पदावली थप | प्रदेशसभामा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित |

| | | | | |
|---|---|---|---|---|
| | | उम्मेदवारी दिंदा भूगोल र जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ । | गर्ने ।<br><br>**यस धारामा उपधारा १० थप गरी:**<br><br>(१०) उपधारा १(क) र (ख) को निर्वाचन प्रणाली अनुसार प्रदेशसभामा त्यस प्रदेशमा रहेको दलित समुदायको जनसंख्या प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिने छ । त्यसका लागि उपधारा १(क) बमोजिमको निर्वाचन प्रणालीमा दलित समुदायका उमेदवारका लागि समानुपातिक रुपमा निर्वाचन क्षेत्रहरु सुरक्षित गरिनेछ । | गर्नका लागि यो पदावली र थप व्यवस्था गर्न आवश्यक हुने । |
| ५९. | १७५. प्रदेश सभाको गठन : | (५) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले सोही उपधाराको खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेश सभमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्नेछ । | यस उपधारामा रहेको व्यवस्थापछि “त्यसमा सम्बन्धित प्रदेशमा रहका दलित महिला, आदिवासी जनजाति महिला, मधेशी महिला, मुश्लिम महिला र खस आर्य महिलाको जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व गराउनुपर्नेछ” भन्ने व्यवस्था थप गर्ने । | महिलाले प्राप्त गर्ने हक अधिकारमा सबै समुदायका महिलाहरुको समानुपातिक अधिकार स्थापना गर्नका लागि यो व्यवस्था गर्न आवश्यक पर्ने भएकाले । |
| ६०. | १८१. प्रदेश सभाको सभामुख र उपसभामुख : | (१) प्रदेश सभाले सो सभाको पहिलो बैठक बसेको मितिले बीस दिनभित्र आफ्ना सदस्य मध्येबाट प्रदेश सभामुख र उपसभामुखको निर्वाचन गर्नेछ । प्रदेश सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनु पर्नेछ । | यस उपधाराको दोस्रो वाक्यमा रहेको “मध्ये एक जना महिला” भन्ने व्यवस्थाको सट्टा “फरक फरक दल, लिंग, जात, जाति र समुदायको” भन्ने व्यवस्था थप गर्ने । | प्रदेस सभाको सभामुख र उपसभामुखलाई सबै दल, लिंग, जात, जाति र समुदायको समावेशीकरणका लागि यो व्यवस्थाको अवश्यकता भएको । |
| ६१. | २१३. गाउँ कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था : | (५) गाउँसभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका र उपधारा (६) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक | यस उपधारामा रहेको “दलित वा अल्पसंख्यक” भन्ने पदावलीहरुको सट्टा “सम्बन्धित नगरपालिका क्षेत्रमा रहेको जनसंख्याको अनुपातमा समानुपातिक वा कम्तिमा एक जना | गाउँ कार्यपालिकामा दलित समुदायको समानुपातिक तथा अनिवार्य प्रतिनिधित्वका लागि यो व्यवस्था अनिवार्य र उचित भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | समुदायबाट निर्वाचित गरेका दुई जना व्यक्ति समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन् । | महिला सहित दुईजना दलित र एकजना अल्पसंख्यक” भन्ने व्यवस्था थप गर्ने । | |
| ६२. | २१४. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था : | (५) नगरसभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका तीनजना व्यक्ति समेत नगर कार्यपालिकाको सदस्य हुनेछन् । | यस उपधारामा रहेको “दलित वा अल्पसंख्यक” भन्ने पदावलीहरुको सट्टा “सम्बन्धित नगरपालिका क्षेत्रमा रहेको जनसंख्याको अनुपातमा समानुपातिक वा कम्तिमा एक जना महिला सहित तीनजना दलित र एकजना अल्पसंख्यक” भन्ने व्यवस्था थप गर्ने । | नगर कार्यपालिकामा दलित समुदायको समानुपातिक तथा अनिवार्य प्रतिनिधित्वका लागि यो व्यवस्था अनिवार्य र उचित भएकाले । |
| ६३. | २२१. गाउँसभाको गठन : | (२) उपधारा (१) बमोजिम गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । | यस उपधारामा रहेको “प्रत्येक वडाबाट कम्तीमा” भन्ने पदावलीहरु पछाडि “सम्बन्धित गाउँपालिका क्षेत्रमा दलित समुदायको मतदाता रहेको अवस्थामा कम्तिमा एकजना दलित” भन्ने व्यवस्था थप गर्ने । | गाउँसभामा दलित समुदायको समानुपाति तथा अनिवार्य प्रतिनिधित्वको लागि यो व्यवस्था आवश्यक भएकाले थप्न उचित हुने । |
| ६४. | २२२. नगरसभाको गठन : | (२) उपधारा (१) बमोजिम गठन हुने नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । | यस उपधारामा रहेको “प्रत्येक वडाबाट कम्तीमा” भन्ने पदावलीहरु पछाडि “सम्बन्धित नगरपालिका क्षेत्रमा दलित समुदायको मतदाता रहेको अवस्थामा कम्तिमा एकजना दलित” भन्ने व्यवस्था थप गर्ने । | नगरसभामा दलित समुदायको समानुपाति तथा अनिवार्य प्रतिनिधित्वको लागि यो व्यवस्था आवश्यक भएकाले थप्न उचित हुने । |
| ६५. | २३७. अख्तियार दुरूपयोग अनुसन्धान आयोग : | (२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरुको नियुक्ति गर्नेछ । | यस उपधारामा रहेको “सिफारिसमा” भन्ने पदावली पछाडि “समावेशी सिद्धान्तका आधारमा एकजना महिला र एकजा दलित अनिवार्य रहने गरी” भन्ने व्यवस्था थप गर्ने । | अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लैंगिक तथा जातीय समावेशीकरण गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ६६. | २४१. सघीय लोक सेवा आयोग : | (२) राष्ट्रपतिले सवैधानिक परिषदको सिफारिसमा सघीय लोक सेवा आयोगको अध्यक्ष र सदस्यको नियूक्ति गर्ने छ । | यस उपधारामा रहेको “सिफारिसमा” भन्ने पदावली पछाडि “समावेशी सिद्धान्तका आधारमा एकजना महिला र एकजा दलित अनिवार्य रहने गरी” भन्ने व्यवस्था थप गर्ने । | लोकसेवा आयोगलाई लैंगिक तथा जातीय समावेशीकरण गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ६७. | २४४. निर्वाचन आयोग : | (२) राष्ट्रपतिले सवैधानिक परिषदको सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयूक्तहरुको नियूक्ति गर्ने छ । | यस उपधारामा रहेको “सिफारिसमा” भन्ने पदावली पछाडि “समावेशी सिद्धान्तका आधारमा एकजना महिला र एकजा दलित अनिवार्य रहने गरी” भन्ने व्यवस्था थप गर्ने । | निर्वाचन आयोगलाई लैंगिक तथा जातीय समावेशीकरण गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ६८. | धारा २४७. राष्ट्रिय मानव अधिकार | (१) (ख) मानव अधिकारको संरक्षण र संवर्द्धन, बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय | यस उपधारामा रहेको “व्यक्तिहरू मध्येबाट” भन्ने पदावली पछाडि “समावेशी सिद्धान्तका | राष्टिय मानवअधिकार आयोगलाई लैंगिक तथा जातीय समावेशीकरण |

| | | | | |
|---|---|---|---|---|
| | आयोग : | जीवनका विभिन्न क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चार जना -सदस्य | आधारमा एकजना महिला र एकजा दलित अनिवार्य रहने गरी" भन्ने व्यवस्था थप गर्ने । | गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ६९. | २४९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग : | (२) राष्ट्रपतिले सवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको अध्यक्ष र सदस्यहरुको नियूक्ति गर्ने छ । | यस उपधारामा रहेको "सिफारिसमा" भन्ने पदावली पछाडि "समावेशी सिद्धान्तका आधारमा एकजना महिला र एकजा दलित अनिवार्य रहने गरी" भन्ने व्यवस्था थप गर्ने । | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगलाई लैंगिक तथा जातीय समावेशीकरण गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ७०. | २५१. राष्ट्रिय महिला आयोग : | (२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछ । | यस उपधारामा रहेको "सिफारिसमा" भन्ने पदावली पछाडि "समावेशी सिद्धान्तका आधारमा एकजना दलित महिला अनिवार्य रहने गरी" भन्ने व्यवस्था थप गर्ने । | राष्ट्रिय महिला आयोगलाई जातीय समावेशीकरण गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ७१. | **२५३. राष्ट्रिय दलित आयोग :** | **(१) नेपालमा एक राष्ट्रिय दलित आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहने छन् ।** | **धारा २५३ को उपधारा (१) मा भएको व्यवस्थापछि "सबै प्रदेशमा आयोगको शाखा कार्यालय रहने छ" जसमा मधेशी महिला १, पहाडि महिला १ भन्ने व्यवस्था थप गर्ने ।** | **दलित समुदाय नेपालको सबै क्षेत्रमा फैलिएर रहेको र सबै स्थानमा जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहार भोगिरहेको र जात तथा समुदायका आधारमा अन्य अत्याचार भोगिरहेकोले सबै राज्यका दलित समुदायको मानवअधिकार रक्षाका लागि शाखा कार्यालयको आवश्यकता हुने । यसका साथै भारतको "अनुसूचित जाति आयोग" अनुसूचि ११ मा राज्यस्तरमा शाखा कार्यालयको व्यवस्था गरिएकाले शाखा कार्यालयको स्पष्ट हुन्छ ।** |
| ७२. | **२५३. राष्ट्रिय दलित आयोग :** | **(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछ ।** | **(२) "सिफारिसमा" भन्ने शब्दपछि "समानुपातिक समावेशी सिद्धान्तको आधारमा पहाडे दलित, दलित महिला र मधेशी दलितको समानुपातिक प्रतिनिधित्व हुनेगरी दलित समुदायका व्यक्तिहरुमध्येबाट" भन्ने वाक्यांश थप गर्ने ।** | **यसै मस्यौदाको धारा ४५(७) मा दलित समुदायभित्र समेत समानुपातिक समावेशी हुनुपर्ने व्यवस्था भएकाले ।** |
| ७३. | **२५३. राष्ट्रिय दलित आयोग :** | **(५)(ख) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि प्राप्त गरेको,** | **धारा २५३(५)(ख) मा भएका व्यवस्थाबाट "अध्यक्षको हकमा" भन्ने पदावली हटाउने ।** | **अन्य संवैधानिक आयोगका सदस्यहरुको शैक्षिक योग्यता तोकिएको र यस आयोगको सदस्यहरुको शैक्षिक योग्यता नतोकिँदा** |

| | | | | |
|---|---|---|---|---|
| | | | | अन्य सरहको प्रशासनिक तथा सामाजिक मान्यता नहुने सम्भावना भएकाले । |
| ७४. | २५४. राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार | (१) राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) नेपालका दलित समुदायको अध्ययन तथा अन्वेषण गरी त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,<br>(ख) जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासको लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,<br><br>(ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,<br><br>(घ) दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारको अनुगमन गर्ने,<br><br>(ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता तथा लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,<br><br>(च) कानुन बमोजिम तोकिएको अन्य कार्य गर्ने । | धारा २५४(१)(क)मा भएका व्यवस्थामा “अध्ययन” शब्दपछि “अनुन्धान” थप गर्ने र यसैको “उपयुक्त”शब्दपछि “कानुन, नियम, निर्देशिका, नीति, योजना, र कार्यक्रम” थप गर्ने ।<br><br>(घ) यसमा “अनुगमन” शबदपछि “तथा नपठाएको भए पठाउनका लागि निर्देशन दिने” वाक्यांश थप गर्ने ।<br><br>च) जातीय छुवाछुत वा भेदभाव कसुर गरेको वा दलित अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्धा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।<br>(छ) विभिन्न मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम दलित समुदायको न्याय वा त्यस्तो समुदायको सशक्तिकरणका दृष्टिकोणबाट उपयुक्त वा प्रभावकारी भए वा नभएको विश्लेषण गर्ने वा गराउने र नभएको भए सुधारको लागि सुझाव दिने<br>(ज) दलित समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र सोको अनुगमन गर्ने,<br>(झ) अधिकारबाट वञ्चित, पीडित वा असहाय दलितलाई कानूनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्ने, | धारा २५४(१)(क):<br><br>आयोगलाई दलित समुदायको मात्र अध्ययन, अनुसन्धान र अन्वेषण गरी सिफारिस गर्ने संस्थाको रुपमा सीमित गर्न हुँदैन । यसको काम राज्यका कानुन, नियम, निर्देशिका, नीति, योजना र कार्यक्रमको समेत अध्ययन गरी सुझाव दिने हुनुपर्छ । यसले आयोगको अधिकार र कर्तव्यको क्षेत्रलाई फराकिलो बनाउनुका साथै राज्यका नीतिहरुलाई दलित समुदायमैत्री बनाउन गर्छ ।<br><br>धारा २५४(१)(घ):<br><br>अनुगमन मात्र गर्ने कार्यले पठाएको छ वा छैन भन्ने मात्र जानकारी हुन्छ । जानकारी मात्र राखेर आयोगले दलित समुदायको अधिकारको रक्षा गर्न सक्दैन । नपठाएको अवस्थामा पठाउने निर्देशन दिने अधिकार आयोगलाई हुनुपर्छ ।<br><br><u>थपिएको खण्ड</u><br><br>पेरिस सिद्धान्त अनुसार यी अधिकारहरु आवश्यक भएकाले थप्न आवश्यक देखिएकाले प्रस्ताव गरिएको ।<br><br>थपिएको उपधारा ३ (क) (ख) र (ग): |

| | | | | |
|---|---|---|---|---|
| | | (२) राष्ट्रिय दलित आयोगले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार सो आयोगको अध्यक्ष, सदस्य वा सदस्य रहेको समिति वा नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ । | (ञ) दलित समुदायको हक, हित र सरोकारको विषयमा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई गर्ने,<br>(ट) दलित समुदायको मानवअधिकार उलंघनकताहरुको नामावली बार्षिक रुपमा प्रकाशन गर्ने<br>(ठ) दलित समुदायको हितको रक्षा गर्ने अन्तर्राष्टिय मानवअधिकार सम्बन्धी महासन्धि, ऐच्छिक उपलेख, प्रस्ताव आदिको हस्ताक्षर वा समर्थन वा अगुवाई गर्न सुझाव दिने ।<br><br>(२) राष्ट्रिय दलित आयोगले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार सो आयोगको अध्यक्ष, सदस्य वा सदस्य रहेको समिति वा उपसमिति वा आयोगको अधिकृतस्तरको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्ने छ ।<br><br>यस धारामा उपधार ३ थप गरि देहायको अधिकारहरु थप गर्ने<br><br>(३) आयोगले देहायको विषयमा कुनै व्यक्तिवाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा त्यस्तो विषयमा आवश्यक जाँचवुझ गर्न सक्नेछ :-<br><br>(क) दलित समुदायका कुनै व्यक्ति वा परिवार वा समूहलाई जन्म, वंश, पेशा वा जातका आधारमा संविधान तथा कानुन प्रदत्त कुनै अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको,<br><br>(ख) कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै दलित समुदायको कुनै व्यक्ति, परिवार वा समूह | पेरिस सिद्धान्त अनुसार राष्टिय स्तरका अधिकार आयोगमा विशेषप्रकारका घटना तथा मुद्दाहरुको जाँचबुझको अधिकार समेत हुनुपर्ने भएकाले यो प्रस्ताव गरिएको हो । साथै भारतको अनुसूचित जाति आयोगको नियमावलीको नियम ७ मा समेत यो व्यवस्था रहेकाले यसको आवश्यकता देखिन्छ ।<br><br>(४) (क) (ग), (घ), (ङ) विद्यमान मस्यौदामा राष्टिय मानव अधिकार आयोगको धारा २४८(३) को देहाय ( क), (ख), (ग) र (घ) मा यो अधिकार प्रदान गरिएको र दलित आयोग पनि अधिकार आयोग भएकाले सो सरहको अधिकार प्रदान गरिनुपर्ने भएकाले यो प्रस्ताव गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | पीडित भएको,<br><br>(ग) जातिय भेदभाव तथा छुवाछूत जन्य कार्य गरेको ।<br><br>(४) उपदफा(३) मा उल्लिखित विषयमा जाचँबुझ् गर्दा आयोगलाई देहाय बमोजीमको अधित्रकार हुनेछ_:<br><br>(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने, वा साक्षी बुझ्ने तथा बकपत्र गराउने, वा कुनै व्यक्तिलाई कुन लिखित वा कागजात वा प्रमाण पेश गर्न आदेश दिने, वा दशी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने<br><br>(ख) कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखित वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल पाउन अनुरोध गर्ने,<br><br>(ग) दलित मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा स्थालगत अनुगमन गरी कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा दलित समुदायको कुनै व्यक्ति वा परिवार वा जातको मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने, वा पुर्व सुचनाको आधारमा कनै घटना घट्न नदिनका लागि आवश्यक निरोधात्मक उपाय अवलम्वन गर्ने,<br><br>(घ) दलित समुदायको कुनै व्यक्ति, परिवार वा जातको मानवअधिकार उलंघन भइरहेको जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यकता देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने, | |

| | | | | |
|---|---|---|---|---|
| | | | (ङ) मानव अधिकारको उलंघनबाट पिडित भएका दलित समुदायको कुनै व्यक्ति, परिवार वा जातलाई कानुन बमोजिम क्षतिपूर्ति दिन आदेश दिने र सो कार्यान्वयन भए नभएको अनुगमन गर्ने<br>दोषी ठहरिएको व्यक्तिलाई कानुनी कारवाहीको लागि पहल गर्ने र कारवाही भए नभएको अनुगमन गर्ने ।<br><br>(५) उपदफा (४) बमोजीम जाँचबुझ गर्दा आयोगले कुनै व्यक्ति उपस्थित गराउन, लिखित पेश गर्ने वा प्रमाण बुझ्नका लागि मनासिव समयापधि तोक्न सक्नेछ ।<br><br>(६) उपदफा (४) बमोजीम भएको जाँचबुझबाट कसैले उपदफा (३) बमोजीमको कार्य गरेको देखिएमा आयोगले आवश्यकता अनुसार मेलमीलाप गराउने वा सम्वन्धमा पीडितलाई उपयुक्त उपचार, राहत वा क्षतिपुर्ति उपलब्ध गराउन वा पुनस्थापना गराउन सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने वा उपयुक्त अन्य कारवाही गर्न सम्वन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिश गर्ने र सो अनुरुप भए वा नभएको अनुगमन गर्नेछ ।<br><br>(७) उपदफा (६) बमोजीम आयोगबाट लेखी आएका सम्बन्धित निकाय वा संस्थाले आवश्यक कारवाही गर्नु गराउनु पर्नेछ ।<br><br>(८) उपदफा (३) र (४) बमोजीम आयोगले जाँचबुझ गर्ने सिलसिलामा माग गरेका कागजात वा प्रमाण सम्वन्धित निकाय, कार्यालय, संस्था वा व्यक्तिले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।<br><br>(९) आयोगले गरेका सिफारिश कार्यान्वयन वा पालना गर्नु निकाय वा संस्थाको कर्तव्य हुनेछ । | थपिएको उपदफा (५) (६) (७) (८) र (९) को व्यवस्था पेरिस सिद्धान्त अनुसार अधिकार आयोगका लागि अनिवार्य भएको र भारतको अनुसूचित जाति आयोगको नियमावलीको नियम ७ मा समेत यो व्यवस्था रहेकाले प्रस्ताव गरिएको छ ।<br><br>पेरिस सिद्धान्त अनुसार अधिकार आयोगको पदाधिकारी र कर्मचारीमा समावेशीता, काम कारवाहीमा तथा आर्थिक र कर्मचारी प्रशासनमा स्वतन्त्रता र स्वायत्तता हुनुपर्ने भएकाले यो प्रस्ताव गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | यस धारामा उपधारा १० थप गरी देहायको व्यवस्था गर्ने<br><br>(१०) आयोगको कोष तथा लेखा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :<br><br>(क) आयोगको आफ्नो एउटा छुट्टै कोष हुने र त्यसका लागि  आयोगलाई आवश्यक रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।<br><br>(ख) आयोगको वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गरी स्वीकृत गर्ने ।<br><br>(ग) अपुग रकमका लागि आयोगले  अन्य स्वदेशी संघ, संस्था वा व्यक्तिबाट सहयोग वा अनुदान लिन, वा विदेशी सरकार, अन्तरष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग लिन सक्ने छ<br><br>(घ) आयोगको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजीम राखिनेछ र आयोगको लेखा परिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।<br><br>यस धारामा उपधारा ११ थप गरी देहायको व्यवस्था गर्नुपर्ने<br><br>(११) आयोगका आफ्नै कर्मचारी प्रशासन संयन्त्र रहने छ, त्यसका लागि आयोगसंग देहायका अधिकारहरु रहने छ :<br><br>(क) आयोगको दैनीक प्रशासन संचालनको आयोगसंग आफ्नै कर्मचारी संयन्त्र हुनेछ । | पेरिस सिद्धान्त अनुसार अधिकार आयोगको पदाधिकारी र कर्मचारीमा समावेशीता, काम कारवाहीमा तथा आर्थिक र कर्मचारी प्रशासनमा स्वतन्त्रता र स्वायत्तता हुनुपर्ने भएकाले यो प्रस्ताव गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | **(ख) यसका लागि आयोगसंग आफ्नै सेवा आयोग हुनेछ र यसले लोक सेवा आयोगसंगको सहकार्यमा कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा र मानवस्रोत विकास सम्बन्धी अन्य कार्यहरु गर्नेछ ।**<br><br>**यस धारामा उपधारा १२ थप गरी देहाको व्यवस्था गर्नुपर्ने**<br><br>**(१२) आयोगका अन्य अधिकार देहाय बमोजिम हुनेछः**<br>**(क) आयोगले आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष्य, सदस्यहरु, सचिव, समिति वा आयोगका अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।**<br><br>**(ख) आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।**<br><br>**(ग) नेपाल सरकारले आयोगको सिफारिशमा नेपाल राजपत्रमा सुचना प्रकाशित गरी दलित समुदायको सुचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।** | |
| ७५. | २५५. राष्ट्रिय समावेशी आयोग : | (२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गनेर्छे । | यस उपधारामा रहेको "सिफारिसमा" भन्ने पदावली पछाडि "समावेशी सिद्धान्तका आधारमा एकजना महिला र एकजा दलित अनिवार्य रहने गरी" भन्ने व्यवस्था थप गर्ने । | राष्ट्रिय समावेशी आयोगलाई लैंगिक तथा जातीय समावेशीकरण गर्न यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ७६. | २६२. नेपाली सेना सम्बन्धी व्यवस्था : | (२) नेपाली सेनामा महिला, दलित, आदिवासी, जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा कानुन बमोजिम सुनिश्चित गरिनेछ । | यस उपधारामा रहेको "समानता" भन्ने पदावली पछाडि "समानुपातिक," भन्ने पदावली थप गर्ने । | विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था भएको र नेपाली सेनालाई समावेशी चरित्रको राष्टिय सेना निर्माण गर्नका लागि यो व्यवस्था आवश्यक पर्ने भएकाले थप्न उचित हुने । |
| ७७. | २६३. नेपाल प्रहरी, अर्धसैनिक | (१) संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय गुप्तचर तथा अनुसन्धानका संगठन रहनेछन् । | यस उपधारामा रहेको व्यवस्थापछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय गुप्तचर तथा अनुसन्धानका | यसै संविधानको नेपाली सेना (धारा २६२)मा समेत यो व्यवस्था रहेकाले |

| | | | | |
|---|---|---|---|---|
| | बल र गुप्तचर संगठन सम्बन्धी व्यवस्था : | | संगठन " महिला, दलित, आदिवासी, जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता, समानुपातिक र समावेशी सिद्धान्तको आधारमा कानुन बमोजिम सुनिश्चित गरिनेछ" भन्ने व्यवस्था थप गर्ने । | यो धारमा समेत थप गर्नु आवश्यक र उचित हुने भएकाले । |
| ७८. | २६४. राजनीतिक दलको गठन, दर्ता र सञ्चालन : | (४) उपधारा (२) बमोजिम दल दर्ताको लागि निवेदन दिंदा राजनीतिक दलले देहायका शर्त पूरा गर्नु पर्नेछ :-<br>(ग) दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनु पर्छ, । | यस उपधाराको खण्ड (ग)मा रहेको "गर्ने गरी" भन्ने पदावली पछाडि "महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा पहाडे, मुश्लिम, खस आर्य तथा पिछर्डिको वर्ग र क्षेत्रबाट समानुपातिक प्रतिनिधित्व हुने गरी" भन्ने व्यवस्था थप गर्ने । | राजनीतिक दललाई जात, जाति, समुदाय, लिंग, धर्म र क्षेत्रका हिसाबले समानुपातिक समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक रहेकाले थप्न उचित हुने । |
| ७९. | २७२. उपाधि, सम्मान र विभूषण : | (१) राष्ट्रपतिले नेपालको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषणहरू प्रदान गर्नेछ । | यस उपधाराको खण्ड (ग)मा रहेको "विभूषणहरू" भन्ने पदावली पछाडि "नेपालको जात, जाति, भाषा, धर्म, समुदायका विविधताको सम्मान, सम्बोधन र समावेशी हुने गरी" भन्ने व्यवस्था थप गर्ने । | राष्ट्रपतिबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषणहरूमा समावेशिताको सम्मान र सम्बोधन भई राष्टिय एकताका लागि यो व्यवस्था आवश्यक भएकाले थप्न उचित हुने । |
| ८०. | २७६. विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन : | नेपाल सरकारले प्रत्येक दश वर्षमा गरिने राष्ट्रिय जनगणनासँगै महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकाङ्कको आधारमा समीक्षा तथा पुनरावलोकन गर्नेछ । | यस धारामा रहेको "महिला र दलित" भन्ने पदावलीहरु पछाडि "आदिवासी जनजाति, मधेशी, मुश्लिम, खसआर्य, अपांगता भएका व्यक्ति, थारु, किसान, मजदूर, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको," भन्ने वाक्यांश थप गर्ने । | सकारात्मक उपायको नीति अन्तर्गत सबै समूहलाई प्रदान गरिने विशेष व्यवस्थालाई हरेका दश दश बर्षमा समिक्षा गरिनु आवश्यक हुने भएकाले यो व्यवस्था थप्न आवश्यक हुने भएकाले । |
| ८१. | २७७. नेपाली राजदूत र विशेष प्रतिनिधि : | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ । | यस उपधारामा रहेको "समावेशी" भन्ने पदावली अगाडि "समानुपातिक" भन्ने पदावली थप गर्ने र "आधारमा" भन्ने पदावली पछाडि "महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम र खस आर्य समुदायबाट अनिवार्य प्रतिनिधित्व हुने गरी" भन्ने व्यवस्था थप गर्ने । | नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि नियुक्त विशेष प्रतिनिधिमा दलित लगायतका समुदायको समानुपातिक र अनिवार्य प्रतिनिधित्वको लागि यो व्यवस्था आवश्यक र अनिवार्य भएकाले थप्न उचित हुने । |
| ८२. | २७९. सरकारी | (१) नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न | यस उपधारामा रहेको "नेपाल सरकारले" भन्ने | संघीय सरकारी सेवाहरुलाई समावेशी |

| | | | | |
|---|---|---|---|---|
| | सेवाको गठन : | निजामती सेवा, न्याय सेवा र आवश्यकता अनुसार अन्य सेवाहरुको गठन गर्न सक्नेछ। त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका शर्त ऐन बमोजिम हुनेछन् । | पदावली पछाडि "समावेशी सिद्धान्तका आधारमा" भन्ने वाक्यांश थप गर्ने । | बनाउनका लागि यो व्यवस्था आवश्यक भएकाले थप गर्न उचित हुने । |
| ८३. | २७९. सरकारी सेवाको गठन : | (२) प्रदेश, गाउँपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् । | यस उपधारामा रहेको "नगरपालिकाले" भन्ने पदावली पछाडि "समावेशी सिद्धान्तका आधारमा" भन्ने वाक्यांश थप गर्ने । | प्रदेश, गाउँपालिका र नगरपालिकाका सेवाहरुलाई समावेशी बनाउनका लागि यो व्यवस्था आवश्यक भएकाले थप गर्न उचित हुने । |
| ८४. | २८०. निर्वाचन क्षेत्र निर्धारण आयोग : | (२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति नेपाल सरकारले गर्नेछ । | यस उपधारामा रहेको "निर्वाचन क्षेत्र" भन्ने पदावली अगाडि "समावेशी सिद्धान्तका आधारमा" भन्ने वाक्यांश थप गर्ने । | निर्वाचन क्षेत्रलाई सबै समूहले जित्न सक्नेगरी निर्धारण गर्नका लागि यो व्यवस्थाको आवश्यकता हुनेहुँदा यो व्यवस्था थप्न उचित हुने । |
| ८५. | २८३. संसदीय सुनुवाई सम्बन्धी व्यवस्था : | (२) उपधारा (१) को प्रयोजनको लागि संघीय संसदका दुवै सदनका सदस्यहरु मध्येबाट कानुन बमोजिम एक संयुक्त समिति गठन गरिनेछ । | यस उपधारामा रहेको "कानुन बमोजिम" भन्ने पदावली सट्टा "समावेशी सिद्धान्तका आधारमा" भन्ने वाक्यांश थप गर्ने । | संसदीय सुनुवाई समितिलाई समावेशी बनाउनका लागि यो व्यवस्था थप्न आवश्यक र उचित हुने । |
| ८६. | २९५. परिभाषा र व्याख्या : | (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,- | यस उपधारामा थप खण्डहरुको व्यवस्था गरी "दलित समुदाय", "समाजवादोन्मुख", "समावेशी सिद्धान्त", "समानुपातिक प्रतिनिधित्वको सिद्धान्त", "सकारात्मक उपायको सिद्धान्त", "क्षेतिपूर्ति वा विशेषाधिकार", आदिको परिभाषा गरिनुपर्ने । | मस्यौदामा परिभाषित नगरिएका यस्ता प्रशस्तै पद तथा पदावलीहरु रहेकाछन् जसलाई परिभाषा र व्याख्या गर्न जरुरी छ । |